अदालतले भर्नेः-

दर्ता नः

दर्ता मितिः-

# श्री पर्सा जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४को दफा ३२ बमोजिम दायर गरेको

## अभियोगपत्र

BeemaPost

संवत् २०८३ सालको निर्णय नम्बर...

अंजली ईन्टरनेशनलको प्रोपराईटर निर्मला देवीको जाहेरीले नेपाल सरकार ...................... वादी

**विरुद्धः**

फुल प्रसाद शर्माको छोरा, जिल्ला काठमाण्डौ काठमाण्डौ म.न.पा. वडा नं.१ हातीसार स्थित लक्ष्मी सनराईज बैंक लि.को तत्कालिन प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत सुमन शर्मा..........................................................................अनुपस्थित ........१

रामलाल महर्जनको छोरा, जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.-१० स्थित लक्ष्मी सनराईज बैंक लि.को तत्कालिन नायब प्रबन्धक पदमा कार्यरत केदार सिंह..अनुपस्थित ..१

कृष्णमान जोशी अमात्यको छोरा जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.-१० स्थित लक्ष्मी सनराईज बैंक लि. को वरिष्ठ अधिकृत पदमा कार्यरत सुबोध जोशी..........अनुपस्थित......१

दिल बहादुर केसीको छोरा जिल्ला काठमाण्डौ काठमाण्डौ म.न.पा. वडा नं.१ हातीसार स्थित लक्ष्मी सनराईज बैंक लि.को प्रमुख कर्जा प्रशासन पदमा कार्यरत नायब प्रबन्धक रविन्द्र केसी............................................................ अनुपस्थित ............१

प्रतिवादी

मुद्दाः ठगी तथा आपराधिक बिश्वासघात सम्बन्धी कसूर।

BeemaPost

मुद्दाको संक्षिप्त तथ्यः

१) जाहेरी दरखास्तः

म जाहेरवालाको अंजली ईन्टरनेशनल घरेलु तथा साना उद्योग कार्यालय पर्सामा दर्ता भई कम्पनीको उद्देश्य बमोजिम भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्ने विविध सामानहरूको खुद्रा बिक्री गर्ने विविध खाद्य सामग्री लगायतका कारोबार गर्दै आएकोमा आफ्नो उद्देश्य बमोजिमको काम गर्ने क्रममा विपक्षीहरूसँग लामो समयदेखि आबद्ध रहेकोले व्यापार व्यवसायमा आफै थप

सरकारी वकील कार्यालय पर्सा, वीरगंज

लगानी गर्ने भनी केही थप कर्जाको आवश्यक परेको भनि विपक्षी बैंकको मेनेजर, रिलेशन मेनेजर र सिईओ समेतले थप कर्जाको लागि सम्पुर्ण प्रकृया अगाडी बढाई साथै विपक्षी केन्द्रीय कार्यालयबाट मिति २०८०।०१।०५ गते उक्त थप कर्जा रु.३,८९,९४,०००।- स्वीकृत भएपश्चात म जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला बारा गा.वि.स.अमाव वडा नं.५ को कित्ता नं.२९९ को क्षेत्रफल ०-६-०-० (२०३१.७८ वर्गमिटर) जग्गाबाट रु.८९,००,०००।- बराबरको धितो थाम्ने गरी सोही मितिमा मालपोत कार्यालय बारा कलैयाका र.नं. ६२९३/१ बाट संस्थागत कर्जाको लागि व्यक्तिको धितोबन्धक सुरक्षा (सुरक्षण) लिखत गराई सोही अनुरुप विपक्षीले धितो बन्धकी गरेको रकम बराबरको कर्जा रकमको लागि म जाहेरवाला विपक्षीहरू समक्ष फोन गरी तथा कार्यालयमा गई स्वीकृत भएको कर्जा तथा विपक्षीको नाममा गरी दिएको धितो बन्धकी अनुसारको रकम Disbursement गरी दिनको लागि पटक पटक अनुरोध गर्दा आज भोलीमा उक्त रकम पठाई दिनेछु भनी विश्वास दिलाई दृष्टिबन्धकी अनुसारको रकम नपठाएको कारण विपक्षीलाई खोजी गर्दै जाने क्रममा मिति २०८०।०४।१५ गते विपक्षीहरु मध्ये विपक्षी सुबोध ज़ोशी म जाहेरवालाको फर्ममा आई बैंकको केन्द्रीय कर्जा महाशाखाबाट भोली खातामा पैसा पठाई दिने कुराको विश्वास दिलाई गई उक्त रकम मेरो खातामा नपठाएको र विपक्षीलाई फोन सम्पर्क गर्दा नउठाई सम्पर्क विहीन भएकोमा विपक्षी बैंकको शाखा प्रमुख तथा अन्य विपक्षीहरुले मिलोमतो गरी म जाहेरवालाको नाममा रु.८९,००,०००।- कर्जा स्वीकृत गराई म जाहेरवालाको छोरा नाउँमा दर्ता रहेको जग्गा धितोबन्धक लिखत गराई उक्त धितोबन्धक गराएको कर्जा कम्पनीका खातामा जम्मा नगरी म जाहेरवाला र मेरो कम्पनीलाई हानी नोक्सानी क्षती पुर्याकई विपक्षीहरू सुमन शर्मा, केदार सिंह, सुबोध जोशी र रविन्द्र के.सी.ले आफुलाई लाभ प्राप्त गरी ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्वन्धी कसूर गरेको हुँदा विपक्षीहरूलाई कानून बमोजिम कारवाही गरी मेरो लिएको रकम र क्षतिपुर्ती समेत दिलाई भराई पाउ भन्ने व्यहोराको निर्मला देवीको जाहेरी दरखास्त ।

BeemaPost

२। घटनाविवरण कागजः

जाहेरवाली निर्मला देवीले जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.-१६ नगवा टोल स्थित अंजली ईन्टरनेशनल कम्पनी दर्ता गराई भवन निर्माण तथा हार्डवेयरका सामानको व्यापार गर्दै आएकोमा सोही क्रममा जाहेरवालीको प्रतिवादीहरूसँग लामो समयदेखि आवद्ध रहेकोले निज जाहेरवालीले व्यापार व्यवसायमा थप लगानी गर्नको लागि रकम आवश्यक परेको हुँदा जाहेरवालीले सो कुराको बारेमा प्रतिवादीहरूसँग प्रस्ताव गर्दा सम्पुर्ण प्रकृया मिलाई मिति २०८०।०१।०५ गते थप कर्जा रू. ३,८९,९४,०००।- स्वीकृत भएको र जाहेरवालीको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जिल्ला बारा साबिक अमाव गा.बि.स. वडा नं.५ को कि.नं.२९९ को क्षेत्रफल ०-६-०-० जग्गाबाट रू.८९,००,०००।- बराबरको धितो थाम्ने गरी सोही मितिमा मालपोत कार्यालय बारा, कलैयाको र.नं.६२९३/१ बाट संस्थागत कर्जाको लागि व्यक्तिको धितो बन्धक सुरक्षा (सुरक्षण) लिखत गराई धितो बन्धक बराबरको रकम स्वीकृत गराएको र जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जग्गा बापत स्वीकृत भएको कर्जा जाहेरवालीलाई नदिएको कारण जाहेरवालीले पटक पटक सम्पर्क गर्दा समेत प्रतिवादीहरूले झुठो अश्वासन दिई पछि सम्पर्क विहीन भई धितो बन्धक गराई स्वीकृत गराएको कर्जा कम्पनीको नामको खातामा वा जाहेरवालीको खातामा जम्मा नगरी प्रतिवादीहरूले आफूलाई लाभ लिई जाहेरवालीको कम्पनी र जाहेरवालीलाई नोक्सान पुर्याउने नियतले ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्वन्धी कसूर गरेको कुरा जाहेरवाली

समेतले मिति २०८२।०५।३१ गते थाहा पाएकी हुँदा प्रतिवादीहरुलाई कानून बमोजिम होस् भन्ने व्यहोराको चन्दन साह र रमेश साह समेतले गरी दिएको घटनाविवरण कागज ।

BeemaPost

अभियुक्तहरु उपरको अभियोगः

यसमा जिल्ला प्रहरी कार्यालय, पर्साबाट अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई प्राप्त मिसिल संलग्न जाहेरी दरखास्त तथा बुझिएका मानिसहरुले खुलाई लेखाई दिएको घटनाबिवरण कागज समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले के कुन कसूर गरेका हुन र निजहरु उपर के कस्तो सजायको मागदावी लिनुपर्ने हो भन्ने सन्दर्भमा बिश्लेषण गर्दा म जाहेरवालाको अंजली ईन्टरनेशनल घरेलु तथा साना उद्योग कार्यालय पर्सामा दर्ता भई कम्पनीको उद्देश्य बमोजिम भवन निर्माण समाग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्ने विविध सामानहरूको खुद्रा बिक्री गर्ने विविध खाद्य सामाग्री लगायतका कारोवार गर्दै आएकोमा आफ्नो उद्देश्य बमोजिमको काम गर्ने क्रममा विपक्षीहरूसँग लामो समय देखी आवद्ध रहेकोले व्यापार व्यवसायमा आफै थप लगानी गर्ने भनी केही थप कर्जाको आवश्यक परेको भनि विपक्षी बैंकको मेनेजर, रिलेशन मेनेजर र सिईओ समेतले थप कर्जाको लागि सम्पुर्ण प्रकृया अगाडी बढाई साथै विपक्षी केन्द्रीय कार्यालयबाट मिति २०८०।०१।०५ गते उक्त थप कर्जा रु.३,८९,१४,०००।- स्वीकृत भएपश्चात म जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला बारा गा.वि.स.अमाव वडा नं. ५ को किता नं.२९९ को क्षेत्रफल ०-६-०-० (२०३१.७८ वर्गमिटर) जग्गाबाट रु.८९,००,०००।-(उनानब्बे लाख) बराबरको धितो खाम्ने गरी सोही मितिमा मालपोत कार्यालय बारा कलैयाका र.नं. ६२९३/१ बाट संस्थागत कर्जाको लागि व्यक्तिको धितोबन्धक सुरक्षा (सुरक्षण) लिखत गराई सोही अनुरुप विपक्षीहरुले स्वीकृत कर्जा रकम नदिएकोमा बिपक्षीहरुलाई पटक पटक अनुरोध गर्दा आज भोलीमा उक्त रकम पठाई दिनेछु भनी विश्वास दिलाई दृष्टिवन्धकी अनुसारको रकम नपठाई प्रतिवादीहरुले म जाहेरवाला र मेरो कम्पनीलाई हानी नोक्सानी क्षती पुर्‍याई विपक्षीहरू सुमन शर्मा, केदार सिंह, सुवोध जोशी र रबिन्द्र के.सी.ले आफुलाई लाभप्राप्त गरी ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर गरेको हुँदा विपक्षीहरूलाई कानून बमोजिम कारवाही गरी मेरो लिएको रकम र क्षतिपुर्ती समेत दिलाई भराई पाउ भन्ने व्यहोराको निर्मला देवीको जाहेरी दरखास्त, सुनिल कुमार साहले आफ्नो नाममा रहेको जग्गा थप धितो सुरक्षण स्वरुप दिन प्रस्ताव गरेब मोजिम निजको नाममा दर्ता कायम भएको बारा जिल्ला साविक अमाव ५ स्थित कि.नं.२९९ को क्षेत्रफल ०-६-०-० भएको जग्गा मिति २०८०।०१।०५ मा ऋणी अन्जली इन्टरनेशलले उपभोग गरिरहेको कर्जाको धितो सुरक्षण स्वरुप रु.८९,००,०००।– (उनान्नब्बे लाख) को लागि निज जग्गा धनी स्वयंले बैंकको पक्षमा धितो बन्धकको लिखत पारित गरिदिएको भन्ने व्यहोराको लक्ष्मी सनराईज बैंक लि. को LS/COR-COM/030926/769764 मिति २०८३।०५।१८ गतेको पत्र तथा मौकामा बुझिएका चन्दन साह र रमेश साह समेतले जाहेरी व्यहोरालाई समर्थन गर्दै प्रतिवादीहरुले ठगी तथा आपराधिक विश्वासघातको कसूर गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भनी खुलाई लेखाई दिएको घटनाविवरण कागज समेतका आधार प्रमाणबाट समर्थित भई प्रतिवादीहरुले एकापसमा मिलोमतो गरी जाहेरवालीको नाममा रु.८९,००,०००।– (उनानब्वे लाख) कर्जा स्वीकृत गराई निजको छोरा सुनिल कुमार साह तेलीको नाउँमा कायम गरेको जिल्ला बारा साविक गा.वि.स. अमाव वडा नं.-५ को कि.नं. २९९ को क्षेत्रफल ०-६-०-० (२०३१.७८ वर्गमिटर) जग्गा मिति २०८०।०१।०५ र.नं.६२९३/१ मालपोत कार्यालय बारामा धितोबन्धक लिखत गराई उक्त धितोबन्धक गराएको कर्जा रकम जाहेरवालीको कम्पनीको खातामा जम्मा नगरी आफूहरुलाई फाईदा र जाहेरवालीलाई नोक्सान पुर्‍याई ठगी तथा आपराधिक विश्वासघात सम्बन्धीको कसूर गरेको तथ्य पुष्टि हुन

आएकोले प्रतिवादीहरु सुमन शर्मा, केदार सिंह, सुबोध जोशी र रविन्द्र केसी उपर ठगीतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) बमोजिमको कसूर र आपराधिक विश्वासघाततर्फ सोही संहिताको दफा २५२(१) विपरीत उपदफा २ (ख) बमोजिमको कसुरमा अभियोग लगाईएको छ ।

BeemaPost

अभियुक्तहरुलाई हुनुपर्ने सजायः

प्रतिवादीहरु सुमन शर्मा, केदार सिंह, सुबोध जोशी र रविन्द्र केसीलाई ठगीतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) बमोजिमको कसूरमा ऐ.संहिताको दफा २४९ को उपदफा ३(ग) बमोजिम सजाय हुन तथा आपराधिक विश्वासघाततर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१) विपरीत २(ख) बमोजिमको कसूरमा ऐ.संहिताको दफा २५२(३)(ख) बमोजिम सजाय हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपुर्ति शुल्क निर्धारण गरी पीडित राहत कोषमा जम्मा गरी पाउन समेतको मागदावी लिई सम्बन्धित सक्कल मिसिलयसै अभियोग पत्रसाथ पेश गरिएको छ ।

साथै हालसम्म ~~फरार~~ अनुपस्थित रहेका प्रतिवादीहरु सुमन शर्मा, केदार सिंह, सुबोध जोशी र रविन्द्र केसीको नाउँमा तहाँ सम्मानित अदालतबाट कानून बमोजिम म्याद पुर्जी जारी गरी पाउँ ।

क्षतिपुर्तीको मागदावीः

मुलुकी अपराध संहिता,२०७४ को दफा २५४ बमोजिम जाहेरवालीको छोरा सुनिल कुमार साह तेलीको नाउँमा श्रेष्ता कायम रहेको जग्गा धितो बन्धक राखी स्वीकृत गराएको कर्जा रु.८९,००,०००।– (उनानन्बे लाख) प्रतिवादीहरुबाट जाहेरवालालाई दिलाई भराई पाउन समेतको मागदावी लिएको छ ।

अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

मुलुकी अपराध संहिता, २०७४

दफा २४९(१)- *कसैले ठगी गर्न वा गराउन हुँदैन"*

(२)- *कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेईमानी पूर्वक कुनै किसिमको हानी नोक्सानी वा क्षति पुर्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ" ।*

दफा २४९(३)(ग)- *खण्ड (क) र (ख) मा लेखिए देखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात बर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना ।*

दफा २५२(१)- *कसैले आपराधिक विश्वासघात गर्न वा गराउन हुँदैन ।*

(२)(ख)- *अर्काको कुनै काम कारोबार गर्न जिम्मा लिएको वा कानूनी कर्तव्य पालना गर्नु पर्ने जिम्मेवारी भएको व्यक्ति वा कुनै काम कारोबारका सम्बन्धमा अर्काको प्रतिनिधिको रुपमा काम गर्ने व्यक्तिले आफू वा अरु कसैलाई फाइदा पुऱ्याउनको लागि आफ्नो कर्तव्यको विपरीत कुनै काम गरी त्यस्तो व्यक्तिलाई कुनै हानि, नोक्सानी वा क्षति पुऱ्याएमा ।*

(३)(क)- *कुनै संस्थाको व्यवस्थापक, प्रबन्धक, कर्मचारी वा प्रतिनिधिको हैसियतले कुनै व्यक्तिले वा कुनै सम्पत्ति एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइदिने वा गोदाम वा अन्य कुनै ठाउँमा सुरक्षित साथ राखे जिम्मा लिएको वा त्यस्तो गर्ने कानूनी कर्तव्य भएको*

*व्यक्तिले आपराधिक विश्वासघात गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,*

*(३)(ख)- उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई खण्ड (क) मा लेखिएदेखि बाहेक अरु कसैले आपराधिक विश्वासघात गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,*

दफा २५४- *यस परिच्छेद बमोजिमको कसूरबाट कसैलाई हानी नोक्सानी पुगेको रहेछ भने त्यस्तो कसूरदारबाट विगो खुलेकोमा विगो असुल गरी पिडितलाई भराई दिनु पर्ने र विगो नखुलेकोमा पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेव्यवस्था रहेको छ ।*

<u>अपराध पीडित संरक्षण ऐन, २०७५</u>

दफा ४१- *कसूरदारबाट असुल हुने कैद तथा जरिवानाको प्रतिशत निर्धारण गरी हुन आउने रकम पीडित राहत कोषमा जम्मा गर्नु पर्नेछ ।*

<u>अन्य कुराहरु खुलाउनु पर्ने भए:</u>×

<u>सबुद प्रमाण:</u>

<u>दशी प्रमाण तथा कसुरसँग सम्बन्धित चिजबस्तु:</u>X

<u>मुख्य गवाह:</u> जाहेरवाला- निर्मला देवी ।

<u>देख्ने/सुन्ने मानिसहरु:</u>

१. घटनाविवरण कागज गर्ने: चन्दन साह र रमेश साह ।

<u>प्रस्तुत कागजपत्रहरु:</u>

- मिति २०८२।०५।३१ गतेको जाहेरी दरखास्त ४ साथ संलग्न कागजातहरुको प्रतिलिपी ९।
- मिति २०८२।६।२ गतेको अ.अ.तोकेको पत्र, आचार संहिता, प्रारम्भिक प्रतिवेदन पठाईएको पत्र।
- मिति २०८२।९।१४ गतेको जि.प्र.का.पर्साको पत्र २ ।
- ऐ. १८ गतेको लक्ष्मी सनराइज बैंक लि.को पत्रको प्रतिलिपी ।
- मिति २०८२।१०।२ गतेको भू.सु. तथा मा.पो.का. बाराको पत्रसाथ संलग्न जग्गाधनी दर्ता सेस्ताको प्रतिलिपी १ ।
- मिति २०८३।३।९ गतेको पुन: अ.अ.तोकेको पत्र, आचार संहिता ।
- मिति २०८३।५।४ गतेको जि.प्र.का. पर्साको पत्र ।
- ऐ ५ गतेको जि.प्र.का.पर्साको पत्र ४, पर्सा जिल्ला अदालतको पत्र साथ संलग्न फैसलाको प्रतिलिपी ७ ।
- ऐ, १८ गतेको लक्ष्मी सनराइज वैंक लि. को पत्र ३ ।
- ऐ, २५ गतेको पक्राउ अनुमति पत्र, घटनाविवरण कागज ४ साथ संलग्न नागरिकताको प्रतिलिपी २ ।
- ऐ, मितिको CRS चेकजाँच पत्र २, प्रहरी प्रतिवेदन ।

यो अभियोग पत्रबाट कारवाही शुरु गर्न अनुरोध गरिन्छ ।

सरकारी वकिलको,

दस्तखत: २०८३।०६।०१/८

नाम: अनन्तराज न्यौपाने

दर्जा:सहायक जिल्ला न्यायाधिवक्ता

कार्यालय: जिल्ला सरकारी वकील कार्यालय, पर्सा

मिति: २०८३।०६।०१

कार्यालयको छाप